मितिः २०७८/०४/०८ (23 July, 2021)

# साइबर सुरक्षाका लागि जनहितमा जारी सन्देश

## स्निफिंग आक्रमण (Sniffing Attack) संग सम्बन्धितः

### (१) स्निफिंग आक्रमण (Sniffing Attack) के हो?

स्निफिंग (Sniffing) भनेको इन्टरनेट प्रयोग गर्दाको बखत इन्टरनेट प्रयोगकर्ताको गतिविधिहरुको जासुसी गर्नु हो।

स्निफर (Sniffer) भनेको प्रोग्राम वा हार्डवेयर हो जसलाई साइबर अपराधीले इन्टरनेट प्रयोगकर्ताको गतिविधिहरुलाई जासूस (Spy) गर्न प्रयोग गर्छन्।

साइबर अपराधीहरुले स्निफिंग आक्रमण गरी इन्टरनेट प्रयोगकर्ताको गतिविधि/डाटा थाहै नदिई प्राप्त गर्ने र सो को विश्लेषण गरी **Personally Identifiable Information (PII)** (जस्तैः- **User Name, Password,** बैंकको क्रेडिट कार्ड नम्बर, नागरिकता नम्बर आदि) समेत प्राप्त गर्दछन्।

### २. स्निफिंग आक्रमण (Sniffing Attack) भएको कसरी थाहा पाउने ?

कम्प्युटर/ल्याप्टप/मोबाइल उपकरण आदिको भण्डारण क्षमता अचानक घट्न गएको देखिएमा Sniffing Attack भएको हुन सक्छ।

### ३. स्निफिंग आक्रमण (Sniffing Attack) बाट कसरी बच्ने ?

स्निफिंग आक्रमण (Sniffing Attack) बाट बच्न निम्न उपायहरु अपनाऔ :-

१. असुरक्षित सार्वजनिक वाईफाई (Public Wifi) को प्रयोग नगरौ |

२. आफ्नो डाटालाई सुरक्षित रुपमा encrypt गरी स्थानान्तरण(Transfer/transmit) गर्न Reputed **VPN** को प्रयोग गरौ |

३. कम्प्युटर/ल्याप्टप/मोबाइल उपकरणमा Malicious Activities हुन नदिन Reputed Antivirus को प्रयोग गरौ |

४. HTTP भएको वेबसाइट असुरक्षित हुने भएकोले सकेसम्म HTTP भएको वेबसाइटको प्रयोग नगरौ। HTTPS वा Lock symbol सहितको URL भएको वेबसाइटको मात्र प्रयोग गरौ।

५. साइबर अपराधीहरुले सोसियल इन्जिनिरिंग (Social Engineering) वा फिसिंग इमेल (Phishing Email ) वा असुरक्षित वेबसाइट मार्फत जासुसी सफ्टवेयर अर्थात Sniffer download गराई दिने भएकोले अपरिचित व्यक्ति वा ठेगानाबाट आएको शंकास्पद इमेलको **Attachment** वा लिंकलाई नखोलौं। साथै असुरक्षित वेबसाइटको प्रयोग नगरौ।

६. असुरक्षित सफ्टवेयर, एप, फ्रीवेयर download नगरौ | सकेसम्म unencrypted/plain text messaging एपको प्रयोग नगरौ |

७. कुनै पनि वेबसाइटको राम्रोसंग पहिचान नगरी **Login Credentials (User Name and Password),** बैंकको क्रेडिट कार्ड नम्बर, नागरिकता नम्बर लगायतका **Personally Identifiable Information (PII)** हरु **Share** नगरौं | **आधिकारिक बेवसाइटको राम्रोसंग पहिचान गरेरमात्र आफ्नो विवरण Share गरौं** |


**Nepal Telecommunications Authority (NTA)**

**Cyber Security Task Force (NTACERT)**

**Jamal, Kathmandu, Nepal**

**Email: ntacert@nta.gov.np, Website: www.nta.gov.np**